श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## सूचना

श्री ५ को सरकारको मिति २०३८।१२।८ को निर्णयानुसार लोक सेवा आयोगको "प्रादेशिक कार्यालय"को सट्टा लोकसेवा आयोगको "क्षेत्रीय कार्यालय" र सो कार्यालयका प्रमुखलाई "प्रादेशिक अधिकृत" को सट्टा "क्षेत्रीय अधिकृत" नामाकरण गरिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले मिति २०३८।१२।९ को निर्णयानुसार श्री निरंजनप्रसाद उपाध्याय (खतिवडा)लाई नेपाल विविध सेवा, राजपत्राङ्कित तृतीय श्रेणी, लोक सेवा आयोगको मनोविज्ञानवेत्ता पदमा एक वर्षको परीक्षणकालमा रहने गरी नियुक्ति गरेको छ ।

आज्ञाले,
विश्वराज रेग्मी
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले मिति २०३८।१२।२३ को निर्णयानुसार श्री महेशप्रसाद लामिछानेले महालेखा नियन्त्रक कार्यालयको लेखा अधिकृत, नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणी (लेखा समूह)को पदबाट दिनुभएको राजीनामा स्वीकृत गरेको छ ।

आज्ञाले,
विश्वराज रेग्मी
श्री ५ को सरकारको उप-सचिव

९१२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।